नेपाल राष्ट्र बैंक
बीरगञ्ज कार्यालय

# जेनेरेटर लिलाम सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७७।०९।२४)**

यस कार्यालयका जेनेरेटर जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट बोलपत्र फारम मिति २०७७ माघ ०९ गतेसम्म खरिद गरी मिति २०७७ माघ ११ गते बिहान ११ बजेभित्र (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधीनमा रही शीलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| लिलाम हुने मालसामान | ब्राण्ड | स्पेशिफिकेशन | संख्या | न्यूनतम मूल्य (रु.) |
|---|---|---|---|---|
| डिजेल जेनेरेटर | Kirloskar Green | -क्षमता : १०० के.भी.ए. जेनेरेटर<br>-मोडेल : Kirloskar Green JC/SDG/ /3542<br>-खरिद मिति : २०६३/०३/२९<br>-खरिद मुल्य : १६,५२,७४३।३६ | १ | २,०५,०००।-<br>(अक्षरेपी दुई लाख पांच हजार मात्र) |

(१) शिलबन्दी बोलपत्र खुल्ने स्थान, मिति र समय :
**(क) स्थान:** नपाल राष्ट्र बैंक, बीरगञ्ज कार्यालय ।
**(ख) मिति:** २०७७।०९।११ (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) ।
**(ग) समय:** दिनको १२ वजे ।

(२) बोलपत्र साथ कबोल गरेको रकमको **५ (पाँच)** प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको स.के.हि. हिसाव नं **१७०९९९-०११-०००-५२४** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले **तीन दिनभित्र** सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम **रु.५००।-** (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको आन्तरिक प्रशासन फाँटबाट लिन सकिनेछ ।

(५) लिलाम हुने जेनेरेटरको विवरण तथा सोको न्यूनतम मूल्य यस **कार्यालयको सूचना पाटीमा टाँस** गरिएको छ । लिलाम हुने जेनेरेटर हेर्न/बुझ्न चाहेमा कार्यालय समय **१० बजेदेखि ४ बजेमा** कार्यालयको **आन्तरिक प्रशासन फाँटमा** सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली **नागरिकताको** प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो **इजाजतपत्र** तथा **फर्म वा कम्पनी दर्ता प्रमाणपत्र** (नवीकरण गरिएको), **स्थाई लेखा नम्वर** लिएको वा **मूल्य अभिबृद्धि करमा दर्ता** भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्बन्धी यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिने छ ।

नेपाल राष्ट्र बैंक
बीरगञ्ज कार्यालय